# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.........कर्मचारी प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं


पत्र संख्या :- ०७९/०८०

चलानी नं. :- १४७३

मिति :-......२०७९।१२।१४

विषयः परिपत्र।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

प्रस्तुत विषयमा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र सोको नियमावली, २०७७ को प्रभावकारी कार्यान्वयनको सम्बन्धमा केन्द्रिय न्याय क्षेत्र समन्वय समितिको मिति २०७९/११/१९ मा भएको बैठकमा केन्द्रीय निकायहरु नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालय, महान्यायाधिवक्ताको कार्यालय, कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग लगायतले आ-आफ्नो जिम्मेवारी अनुरुपको कार्य सम्पादन गर्ने भन्ने सम्बन्धमा छलफल भएको भन्ने जानकारी प्राप्त भएको छ। सर्वोच्च अदालतबाट भएको निर्णय बमोजिम देहायको विषयमा आ-आफ्नो क्षेत्रको जिम्मेवारी अनुरुपको कार्य सम्पादन गर्ने सन्दर्भमा सर्वोच्च अदालतको च.नं. ११०८ मिति २०७९/१२/०३ को वोधार्थ पत्र यस कार्यालयमा प्राप्त हुन आएकोले सो सम्बन्धमा आवश्यक सहयोग र समन्वयका लागि निर्देशानुसार अनुरोध छ।

देहायः

१. न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७-२०८०-८१) को लक्ष्य १ः छिटो छरितो र गुणस्तरीय न्याय सम्पादन, रणनीतिक उद्देश्य १.५.(च) बमोजिम दशीमा पेश भएका नगद तथा जिन्सीको अभिलेख अद्यावधिक गर्ने, मुद्दामा पेश भएका दशीका सामानहरु फिर्ता दिने/जिम्मा दिने/लिलाम गर्ने/नष्ट गर्ने समेतका कार्य थुनछेक आदेश भएको ३ महिनाभित्र सम्पन्न गर्ने, गराउने।

२. कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन गर्ने कार्यका लागि कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र सोको नियमावली, २०७७ जारी भई गृह मन्त्रालय अन्तर्गत कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको मिति २०७८/०६/०५ मा स्थापना भई उक्त विभागले कार्य प्रारम्भ समेत गरिसकेको छ। कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र सोको नियमावली, २०७७ को प्रभावकारी कार्यान्वयन गर्न प्रतिवेदन प्रणालीलाई वस्तुनिष्ठ बनाउन तत्सम्बन्धी मुद्दाहरुमा प्राप्त सम्पत्ति (चल/अचल) तथा साधन जफत/लिलाम बिक्रि लगायतका विवरणलाई छुट्टै अभिलेख तयार गरि अद्यावधिक गर्ने गराउने।


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np


CamScanner

# महान्यायाधिवक्ताको कार्यालय

(............कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :- ०७९/०८०

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :- २०७९।१२।१४

३. फौजदारी कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधन व्यवस्थापनको लागि अभियोगपत्रमा सम्पत्ति तथा साधन, रोक्का, नियन्त्रण र जफतको मागदावी लिई दर्ता भएका फौजदारी मुद्दा जस्तोः सम्पत्ति शुद्धीकरण, आतङ्कबादी क्रियाकलापमा वित्तीय लगानी, भ्रष्टाचार लागू औषध, बैङ्किङ कसूर लगायतका आर्थिक अपराध र सोसँग सम्बद्ध अपराध (Predicate offence) मा जफत हुने ठहरेको कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र सोको नियमावली, २०७७ बमोजिम व्यवस्थापन गर्न अदालतको तर्फबाट गर्नुपर्ने स्थानीय सरोकारवाला निकायहरुसँगको समन्वय समेतको आवश्यक कार्य गर्ने, गराउने।

वोधार्थः
श्री सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं।

२०७९।१२।१४.

..................
(श्याम उप्रेती)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np वेबसाइट: www.ag.gov.np